# सिसिएम नेपालको निर्वाचनहरुको लागि योग्यता मापदण्ड र आवश्यकताहरू

## सिसिएम नेपाल निर्वाचन समिति

**जनवरी २०२२**

# १ सिसिएम नेपालको संरचना

ग्लोबल फण्डको "सिसिएम क्षेत्रगत प्रतिनिधित्व सम्वन्धि निर्देशिका"[1] अनुसार सिसिएममा सरकारी, नागरिक समाज, निजी क्षेत्र र अन्य प्रतिनिधिहरु जो सिसिएममा वर्तमान र भविष्यमा पनि महत्वपूर्ण हुन्छन, त्यस्ता प्रतिनिधि सिसिएममा हुनु महत्वपूर्ण हुने कुरा दर्शाएको छ । साथै उक्त निर्देशिकाको बुँदा नं ४ मा सिसिएमको सदस्य हुनका लागि देहाय वमोजिमका शर्त उल्लेख गरेको छ ।

- एचआईभी संक्रमित जसले एचआईभी संक्रमितहरुको प्रतिनिधित्व गर्ने ।
- क्षयरोग र मलेरियावाट प्रभावित र प्रतिनिधित्व गर्ने ।
- मुख्य समूह (Key Population) बाट र मुख्य समूहलाई प्रतिनिधित्व गर्ने।

माथि उल्लेखित प्रतिनिधित्व इपिडेमियोलोजिकल, मानव अधिकार र लैङ्गिक विचारहरुमा आधारित हुनेछन् ।

ग्लोबल फण्डको नीति एवं निर्देशिका अनुरूप सिसिएम नेपालको कार्य सञ्चालनका नियमहरु (RoB)[2] तयार गरिएको छ । उक्त सिसिएम नेपालको कार्य सञ्चालनका नियमहरु (RoB)[2] अनुसार, सिसिएम नेपालको संरचनामा निम्न उल्लेखित विभिन्न क्षेत्रहरुबाट १७ मुख्य सदस्यहरू तथा १७ वैकल्पिक सदस्यहरू रहने प्रावधान छ ।

## सिसिएम नेपालको संरचना

| निर्वाचन क्षेत्र | क्षेत्रगत प्रतिनिधित्व | सीट संख्या |
|---|---|---|
| सरकारी | स्वास्थ्य र जनसंख्या मन्त्रालय -सचिव र स्वास्थ्य समन्वय महाशाखा प्रमुख | २ |
| | अर्थ मन्त्रालय (सहसचिव /उपसचिव) | १ |
| | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय (सहसचिव /उपसचिव) | १ |
| | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सहसचिव /उपसचिव) | १ |
| नागरिक समाज (Civil Society) | गैरसरकारी संस्थाहरु (Non-Government Organizations-NGOs) र समुदायमा आधारित संस्थाहरु (Community Based Organization- CBO) | २ |
| | एचआईभी/ क्षयरोग/ मलेरियाबाट संक्रमित वा प्रभावित व्यक्तिहरु (People living with or affected by the diseases) | ३ |
| | मुख्य समूहहरु (Key Populations -KPs) | ३ |
| | बहुपक्षिय (Multilateral-ML) विकास साझेदार संस्थाहरु | १ |

[1] Country Coordinating Mechanism Policy Including Principles and Requirements, 2018 [Internet]. [cited 2021 Nov 28]. Available from: https://www.theglobalfund.org/media/7421/ccm_countrycoordinatingmechanism_policy_en.pdf
[2] Policy Documents – CCMNepal [Internet]. [cited 2021 Nov 28]. Available from: https://staging.themenepal.info/ccm/publications/

| निर्वाचन क्षेत्र | क्षेत्रगत प्रतिनिधित्व | सीट संख्या |
|---|---|---|
| बहुपक्षिय (Multilateral) / द्विपक्षिय (Bilateral) संस्थाहरु/ बाह्य विकासका साझेदारहरु (External Development Partners) | द्विपक्षिय (Bilateral-BL) विकास साझेदार संस्थाहरु | १ |
| निजी क्षेत्र (Private Sector) | नफामुलक संस्थाहरु (Profit making organizations) | १ |
| शैक्षिक/अनुसन्धानका क्षेत्रहरू(Academia/Research) | सरकारी/ गैरसरकारी अनुसन्धानमूलक तथा शैक्षिक संस्थाहरु (Governmental/Non-governmental research organization or academic institution) | १ |
| **जम्मा** | | **१७** |

# २ सिसिएम निर्वाचनका आवश्यक मापदण्ड र योग्यताहरु

## २.१ सरकारी क्षेत्र (Government Constituency)

सिसिएम नेपालको RoB[3] अनुसार सरकारी निर्वाचन क्षेत्र (Government Constituency) वाट प्रतिनिधित्व गर्ने सिसिएम सदस्यहरु र वैकल्पिक सदस्यहरू मनोनयन प्रक्रिया मार्फत चयन गरिनेछ । मनोनयन प्रक्रिया निम्नानुसार हुनेछ ।

- सिसिएम नेपालको अध्यक्षको तर्फवाट स्वास्थ्य र जनसंख्या मन्त्रालयले अर्थ मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिसिएम नेपालमा प्रतिनिधत्व गर्ने सदस्य (सहसचिव र उपसचिव) मनोनयनका लागि पत्राचार गर्ने ।
- मनोनित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।
- स्वास्थ्य र जनसंख्या मन्त्रालयले दुई मुख्य सदस्यहरु (सचिव र स्वास्थ्य समन्वय महाशाखा प्रमुख) तथा दुई वैकल्पिक सदस्यहरू मनोनयन गरी पठाउनेछ ।

[3] Policy Documents – CCMNepal [Internet]. [cited 2021 Nov 28]. Available from: https://staging.themenepal.info/ccm/publications/

### २.२ बहुपक्षिय (Multilateral) / द्विपक्षिय (Bilateral) संस्थाहरु/ बाहृय विकासका साझेदारहरु (External Development Partners) क्षेत्र

सिसिएम नेपालको RoB[4] अनुसार बहुपक्षिय (Multilateral) / द्विपक्षिय (Bilateral) संस्थाहरु/ बाहृय विकासका साझेदारहरु ( External Development Partners) बाट प्रतिनिधित्व गर्ने सिसिएम सदस्यहरु र वैकल्पिक सदस्यहरू मनोनयन प्रक्रिया मार्फत चयन गरिनेछ ।

- सिसिएम नेपालको अध्यक्षको तर्फवाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बहुपक्षिय (Multilateral) र द्विपक्षिय (Bilateral) क्षेत्रलाई सिसिएममा प्रतिनिधित्वका लागि मनोनयन गर्न पत्राचार गर्ने ।
- मनोनित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।

## सिसिएम नेपालको निर्वाचनको लागि योग्यता मापदण्ड

सरकारी, वहुपक्षीय र द्धिपक्षीय क्षेत्र बाहेक, अन्य सबै क्षेत्र - गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्था, एचआईभी/ क्षयरोग/ मलेरियाबाट संक्रमित वा प्रभावित व्यक्तिहरू (People living with or affected by HIV/TB/Malaria), मुख्य समूहहरु (Key Population-KP), निजी क्षेत्र र शैक्षिक/ अनुसन्धानका क्षेत्रबाट सिसिएम नेपालमा प्रतिनिधित्व गर्ने मुख्य सदस्यहरू तथा वैकल्पिक सदस्यहरू निर्वाचन प्रक्रिया मार्फत चयन गरिनेछ । सिसिएम नेपाल निर्वाचन समितिले प्रत्येक निर्वाचन क्षेत्रका लागि योग्यताको मापदण्ड तोकेको छ ।

### २.३ गैरसरकारी संस्था (Non-Government Organization NGO) तथा समुदायमा आधारित संस्था (Community Based Organization- CBO) क्षेत्र

१। आबेदन दिने व्यक्तिले सिसिएमको प्रतिनिधित्वबारे आफ्नो बुझाई तथा यस निर्वाचन क्षेत्रमा आफ्नो संलग्नता खुलाई एक पृष्ठको लेख पेश गर्नुपर्छ ।

२। गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्थालाई प्रतिनिधित्व गर्न छनौट गरिएका व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ ।

- एचआईभी, क्षयरोग र मलेरिया मध्ये कम्तिमा एउटा रोगको कार्यक्रममा संलग्न विद्यमान समुदायमा आधारित संस्था, गैरसरकारी संस्था, सञ्जाल वा छाता समूहबाट हालसालै लिएको सिफारिस पत्र
  - ✓ उक्त संस्था कम्तिमा दुई वर्ष अघि कानूनी रुपले जिल्ला प्रशासन कार्यालयमा दर्ता वा समाज कल्याण परिषदमा आवद्धता भइ कम्तिमा दुई वर्ष सम्वन्धित क्षेत्रमा काम गरेको र EoI पेश गर्ने अन्तिम मिति अगावै नवीकरण गरेको प्रमाणित हुनुपर्नेछ ।
  - ✓ उक्त संस्था कम्तिमा दुई वर्ष सम्म एचआईभी, क्षयरोग र मलेरिया मध्ये कम्तिमा एउटा रोगको कार्यक्रममा संलग्न भएको हुनु पर्दछ ।
  - ✓ उक्त संस्थाको वैधानिक उद्देश्य र कार्यक्रम मेल खाएको हुनु पर्दछ ।

[4] Policy Documents – CCMNepal [Internet]. [cited 2021 Nov 28]. Available from: https://staging.themenepal.info/ccm/publications/

- गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्थालाई प्रतिनिधित्व गर्नका लागि छनौट गरिएको व्यक्तिहरु कम्तिमा त्यस संस्थाको उच्च व्यवस्थापन तहमा काम गरेको वा नेतृत्वदायी पद सम्हालेको हुनु पर्दछ ।

**वा**

एचआईभी/ क्षयरोग/ मलेरियाबाट संक्रमित वा प्रभावित भएका व्यक्तिहरुको अनौपचारिक समूहहरू तथा मुख्य समूहहरु (सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरू, यौनकर्मी, पुरुष समलिगीं तथा तेस्रोलिगीं, प्रवासी श्रमिकहरु र जेलमा रहेका कैदिहरु)को अनौपचारिक समूहहरूबाट गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्थालाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ ।

- राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र/ राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र / इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा/ प्रादेशिक स्वास्थ्य निर्देशानलय/ प्रादेशिक सामाजिक विकास मन्त्रालय/ प्रादेशिक स्वास्थ्य तथा जनसंख्या मन्त्रालय /जिल्ला स्थित स्वास्थ्य कार्यालय/ स्थानीय सरकारबाट हालसालै लिएको सिफारिस पत्र ।
- एचआईभी, क्षयरोग र मलेरिया मध्ये कुनै एक रोग विरुद्धको कार्यक्रममा कम्तिमा दुई वर्ष काम गरेको प्रमाणित अभिलेख (track record)
- अनौपचारिक समूहले हस्ताक्षर गरेको अभिलेख (निर्णयको प्रति)

३। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्थाको प्रतिनिधित्व गर्नु पर्दछ ।

४। निर्वाचित व्यक्तिहरुमा गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्थाको आवाज सिसिएम नेपाल समक्ष पुर्याउने साथै, सिसिएम नेपालमा गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्थाको बारेमा भएका निर्णय तथा छलफलको बारेमा सूचना प्रवाह गर्ने क्षमता भएको हुनु पर्दछ ।

५। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै , ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।

६। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्धन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।

७। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको)।

नोटः

१। **संस्था/सञ्जाल/व्यक्तिलाई सबैभन्दा सान्दर्भिक निर्वाचन क्षेत्रको लागि आवेदन दिन प्रोत्साहित गरिन्छ । कुनै संस्था/सञ्जाल/व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रमा** आवेदन **दिएमा उक्त निवेदन अस्वीकृत हुनेछ ।**

२। विविध पृष्ठभूमि भएका आवेदकहरु (लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।

३। लैङ्गिक सन्तुलित प्रतिनिधित्व अनिवार्य छ ।

## २.४ रोग लागेका (संक्रमित) वा प्रभावित भएका व्यक्तिहरु

### २.४.१ एचआईभी क्षेत्र

१। एचआईभी संक्रमित र प्रभावित भएका व्यक्तिहरुलाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ

- गत एक वर्ष भित्र निरन्तररुपमा ARV लिइरहेको प्रमाण सहितको हालको ART कार्ड को प्रतिलिपि
- सिसिएमको प्रतिनिधित्वबारे आफ्नो बुझाई तथा यस निर्वाचन क्षेत्रमा आफ्नो संलग्नता खुलाई एक पृष्ठको लेख
- सञ्जाल/अनौपचारिक समूहमा सक्रिय सहभागिता तथा सञ्चार च्यानलमा पहुँच भएको खुलाई उक्त सञ्जाल/अनौपचारिक समूहले हस्ताक्षर गरेको अभिलेख (निर्णयको प्रति) ।

२। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र एचआईभी संक्रमित र प्रभावित भएका व्यक्तिहरुको प्रतिनिधित्व गर्नु पर्दछ ।

३। निर्वाचित व्यक्तिहरुमा एचआईभी संक्रमित वा प्रभावित भएका व्यक्तिहरुको आवाज सिसिएम नेपालसँग सञ्चार गर्ने क्षमता हुनु पर्दछ । साथै, सिसिएम नेपालमा एचआईभी संक्रमित वा प्रभावित भएका व्यक्तिहरुको बारेमा भएका निर्णय तथा छलफलको बारेमा सूचना प्रवाह गर्ने क्षमता भएको हुनु पर्दछ ।

४। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।

५। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्वन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।

६। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको) ।

नोटः

१। **<u>इच्छुक व्यक्तिलाई सबैभन्दा सान्दर्भिक निर्वाचन क्षेत्रको लागि आवेदन दिन प्रोत्साहित गरिन्छ । कुनै व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रको लागि आवेदन दिएमा, उक्त निवेदन अस्वीकार गरिने छ ।</u>**

२। विविध पृष्ठभूमि भएका आवेदकहरु (लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।

३। लैङ्गिक सन्तुलित प्रतिनिधित्व अनिवार्य छ ।

### २.४.२ क्षयरोग क्षेत्र

१। क्षयरोग संक्रमित वा प्रभावित भएका व्यक्तिहरुलाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ

- क्षयरोगबाट संक्रमित भएको र गत पाँच वर्षभित्र क्षयरोगको उपचार पूरा गरेको कागजातको प्रतिलिपि

**वा**
औपचारिक/अनौपचारिक रुपमा क्षयरोग सर्भाइभल (survival) समूहसँग आफ्नो सम्बद्धता जनाउने स्वघोषणा पत्र
- सिसिएमको प्रतिनिधित्वबारे आफ्नो बुझाई तथा यस निर्वाचन क्षेत्रमा आफ्नो संलग्नता खुलाई एक पृष्ठको लेख
- सञ्जाल/अनौपचारिक समूहमा सक्रिय सहभागिता तथा सञ्चार च्यानलमा पहुँच भएको खुलाई उक्त सञ्जाल/अनौपचारिक समूहले हस्ताक्षर गरेको अभिलेख (निर्णयको प्रति) ।

२। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र क्षयरोग संक्रमित वा प्रभावित भएका व्यक्तिहरुको प्रतिनिधित्व गर्नु पर्दछ ।
३। निर्वाचित व्यक्तिहरुमा क्षयरोग संक्रमित वा प्रभावित भएका व्यक्तिहरुको आवाज सिसिएम नेपालसँग सञ्चार गर्ने क्षमता हुनु पर्दछ । साथै, सिसिएम नेपालमा क्षयरोग संक्रमित वा प्रभावित भएका व्यक्तिहरुको बारेमा भएका निर्णय तथा छलफलको बारेमा सूचना प्रवाह गर्ने क्षमता भएको हुनु पर्दछ ।
४। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।
५। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्वन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।
६। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको) ।

नोटः

१। **इच्छुक व्यक्तिलाई सबैभन्दा सान्दर्भिक निर्वाचन क्षेत्रको लागि आवेदन दिन प्रोत्साहित गरिन्छ । कुनै व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रको लागि आवेदन दिएमा, उक्त निवेदन अस्वीकार गरिने छ ।**
२। विविध पृष्ठभूमि भएका आवेदकहरु (लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।
३। लैङ्गिक सन्तुलित प्रतिनिधित्व अनिवार्य छ ।

## २.४.३ मलेरिया क्षेत्र

१। मलेरिया संक्रमित वा प्रभावित भएका व्यक्तिहरुलाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ ।
- गत एक वर्षभित्र मलेरिया संक्रमित भइ उपचार गरेको कागजातको प्रतिलिपि
  **वा**
  **Malaria micro-stratification survey 2020/21** द्वारा प्रमाणित गरिएका मध्यम/उच्च जोखिम क्षेत्रहरूमा बसोबास गरेको नागरिकता प्रमाण पत्र सहितको स्व-घोषणा पत्र
- सिसिएमको प्रतिनिधित्वबारे आफ्नो बुझाई तथा यस निर्वाचन क्षेत्रमा आफ्नो संलग्नता खुलाई एक पृष्ठको लेख
- सञ्जाल/अनौपचारिक समूहमा सक्रिय सहभागिता तथा सञ्चार च्यानलमा पहुँच भएको खुलाई उक्त सञ्जाल/अनौपचारिक समूहले हस्ताक्षर गरेको अभिलेख (निर्णयको प्रति) ।

२। निर्वाचित व्यक्तिहरुमा मलेरिया संक्रमित वा प्रभावित भएका व्यक्तिहरुको आवाज सिसिएम नेपालसँग सञ्चार गर्ने क्षमता हुनु पर्दछ । साथै, सिसिएम नेपालमा मलेरिया संक्रमित वा प्रभावित भएका व्यक्तिहरुको बारेमा भएका निर्णय तथा छलफलको बारेमा सूचना प्रवाह गर्ने क्षमता भएको हुनु पर्दछ ।
३। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र मलेरिया संक्रमित वा प्रभावित भएका व्यक्तिहरुको प्रतिनिधित्व गर्नु पर्दछ ।
४। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।
५। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्धन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।
६। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको) ।

नोटः

१। **इच्छुक व्यक्तिलाई सबैभन्दा सान्दर्भिक निर्वाचन क्षेत्रको लागि आवेदन दिन प्रोत्साहित गरिन्छ । कुनै व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रको लागि आवेदन दिएमा, उक्त निवेदन अस्वीकार गरिने छ ।**
२। विविध पृष्ठभूमि भएका आवेदकहरु (लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।
३। लैङ्गिक सन्तुलित प्रतिनिधित्व अनिवार्य छ ।

## २.५ मुख्य समूहहरुको क्षेत्र

ग्लोबल फण्डको "सिसिएमको योग्यता आवश्यकताहरु"[5] को बुँदा नं ४ मा सिसिएमको सदस्य हुनका लागि देहाय वमोजिमका शर्त उल्लेख गरेको छ ।

- एचआईभी संक्रमित जसले एचआईभी संक्रमितहरुको प्रतिनिधित्व गर्ने ।
- क्षयरोग र मलेरियावाट प्रभावित र प्रतिनिधित्व गर्ने ।
- **मुख्य समूह (Key Population) बाट र मुख्य समूहलाई प्रतिनिधित्व गर्ने।**

माथि उल्लेखित प्रतिनिधित्व इपिडेमियोलोजिकल, मानव अधिकार र लैङ्गगिक विचारहरुमा आधारित हुनेछन् ।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले[6] सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरू, यौनकर्मी र तिनका ग्राहकहरु, पुरुष समलिगीं तथा तेस्रोलिगीं, प्रवासी श्रमिकहरु तथा तिनका दम्पतिहरु र जेलमा रहेका कैदिहरु गरी पाँच समूहहरुलाई एचआईभीको मुख्य समुहहरुमा सूचीबद्ध गरेको छ ।

**एचआईभीको मुख्य समुहहरु पाँच भएता पनि सिसिएम नेपालको ROB अनुसार मुख्य समूहहरुको निर्वाचन क्षेत्रको लागि जम्मा तीन सिट (तीन मुख्य र तीन वैकल्पिक सदस्यहरू) रहेको छ । निर्वाचित तीन मुख्य सदस्य र तीन वैकल्पिक सदस्यहरुले पाँचैवटा मुख्य समुहहरुको प्रतिनिधित्व गर्नेछन् ।**

---

[5] ccm_countrycoordinatingmechanism_policy_en.pdf [Internet]. [cited 2021 Nov 28]. Available from: https://www.theglobalfund.org/media/7421/ccm_countrycoordinatingmechanism_policy_en.pdf
[6] National Centre for AIDS and STD Control (NCASC) [Internet]. [cited 2021 Nov 28]. Available from: http://www.ncasc.gov.np/

सिसिएम नेपालको चुनावको लागि प्रत्येक मुख्य समुहहरु लागि योग्यता मापदण्ड र आवश्यकताहरू तल उल्लेख गरिएको छ ।

### २.५.१ सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरूको क्षेत्र (People Who Inject Drugs- PWID Constituency)

१। सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरूलाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ
- सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरूलाई प्रतिनिधित्व गर्न योग्य रहेको स्वघोषणा पत्र (टेम्प्लेट प्रदान गरिनेछ)
- सिसिएममा प्रतिनिधित्वबारे आफ्नो बुभाई तथा यस निर्वाचन क्षेत्रमा आफ्नो संलग्नता खुलाई एक पृष्ठको लेख
- कम्तिमा दुई वर्षसम्म सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरूलाई लक्षित एचआईभी कार्यक्रममा संलग्न भएको प्रमाणित अभिलेख (track record)
- सञ्जाल/समूहमा सक्रिय सहभागिता तथा सञ्चार च्यानलमा पहुँच भएको खुलाई उक्त सञ्जाल/समूहले हस्ताक्षर गरेको अभिलेख (निर्णयको प्रति) ।

२। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरूको प्रतिनिधित्व गर्नु पर्दछ ।

३। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।

४। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्धन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।

५। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको) ।

नोटः

१। **<u>इच्छुक व्यक्तिलाई सबैभन्दा सान्दर्भिक निर्वाचन क्षेत्रको लागि आवेदन दिन प्रोत्साहित गरिन्छ । कुनै व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रको लागि आवेदन दिएमा, उक्त निवेदन अस्वीकार गरिने छ ।</u>**

२। विविध पृष्ठभूमि भएका आवेदकहरु (लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।

३। लैङ्गिक सन्तुलित प्रतिनिधित्व अनिवार्य छ ।

### २.५.२ जेलमा रहेका कैदिहरुको क्षेत्र (Prisoner Inmates Constituency)

१। आबेदन दिने व्यक्तिले सिसिएमको प्रतिनिधित्वबारे आफ्नो बुझाई तथा यस निर्वाचन क्षेत्रमा आफ्नो संलग्नता खुलाई एक पृष्ठको लेख पेश गर्नुपर्छ ।

२। जेलमा रहेका कैदिहरुलाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ ।

- कारगार व्यवस्थापन विभागबाट हालसालैको सिफारिस पत्र
- जेलमा रहेका कैदिहरुलाई लक्षित एचआईभी कार्यक्रममा संलग्न सञ्जाल/गैरसरकारी संस्था/ समुदायमा आधारित संस्थाबाट हालसाले लिएको सिफारिस पत्र
  - ✓ उक्त संस्था कम्तिमा दुई वर्ष अघि कानूनी रुपले जिल्ला प्रशासन कार्यालयमा दर्ता वा समाज कल्याण परिषदमा आवद्धता भइ कम्तिमा दुई वर्ष सम्वन्धित क्षेत्रमा काम गरेको र EoI पेश गर्ने अन्तिम मिति अगावै नवीकरण गरेको प्रमाणित हुनुपर्नेछ ।
  - ✓ उक्त संस्था कम्तिमा दुई वर्ष सम्म जेलमा रहेका कैदिहरुलाई लक्षित एचआईभी कार्यक्रममा संलग्न भएको हुनु पर्दछ ।
  - ✓ उक्त संस्थाको वैधानिक उद्देश्य र कार्यक्रम मेल खाएको हुनु पर्दछ ।
- सञ्जाल/समूहमा सक्रिय सहभागिता तथा सञ्चार च्यानलमा पहुँच भएको खुलाई उक्त सञ्जाल/समूहले हस्ताक्षर गरेको अभिलेख (निर्णयको प्रति) ।

३। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र जेलमा रहेका कैदिहरुको प्रतिनिधित्व गर्नु पर्दछ ।
४। निर्वाचित व्यक्तिहरुमा जेलमा रहेका कैदिहरुको आवाज सिसिएम नेपालसँग सञ्चार गर्ने क्षमता हुनु पर्दछ । साथै, सिसिएम नेपालमा जेलमा रहेका कैदिहरुको बारेमा भएका निर्णय तथा छलफलको बारेमा सूचना प्रवाह गर्ने क्षमता भएको हुनु पर्दछ ।
५। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।
६। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्धन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।
७। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको) ।

नोटः

१। **<u>इच्छुक व्यक्तिलाई सबैभन्दा सान्दर्भिक निर्वाचन क्षेत्रको लागि आवेदन दिन प्रोत्साहित गरिन्छ । कुनै व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रको लागि आवेदन दिएमा, उक्त निवेदन अस्वीकार गरिने छ ।</u>**
२। विविध पृष्ठभूमि भएका आवेदकहरु (लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।
३। लैङ्गिक सन्तुलित प्रतिनिधित्व अनिवार्य छ ।

### २.५. ३ यौनकर्मीहरुको क्षेत्र (Sexworker Constituency)

१। यौनकर्मीहरुलाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ

- यौनकर्मीहरुलाई प्रतिनिधित्व गर्न योग्य रहेको स्वघोषणा पत्र (टेम्प्लेट प्रदान गरिनेछ)
- सिसिएममा प्रतिनिधित्वबारे आफ्नो बुझाई तथा यस निर्वाचन क्षेत्रमा आफ्नो संलग्नता खुलाई एक पृष्ठको लेख

- कम्तिमा दुई वर्षसम्म यौनकर्मीहरुलाई लक्षित एचआईभी कार्यक्रममा संलग्न भएको प्रमाणित अभिलेख (track record)
- सञ्जाल/समूहमा सक्रिय सहभागिता तथा सञ्चार च्यानलमा पहुँच भएको खुलाई उक्त सञ्जाल/समूहले हस्ताक्षर गरेको अभिलेख (निर्णयको प्रति) ।

२। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र यौनकर्मीहरुलाई प्रतिनिधित्व गर्नु पर्दछ ।

३। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।

४। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्धन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।

५। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको) ।

नोटः

१। **इच्छुक व्यक्तिलाई सबैभन्दा सान्दर्भिक निर्वाचन क्षेत्रको लागि आवेदन दिन प्रोत्साहित गरिन्छ । कुनै व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रको लागि आवेदन दिएमा, उक्त निवेदन अस्वीकार गरिने छ ।**

२। विविध पृष्ठभूमि भएका आवेदकहरु (लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।

## २.५.४ पुरुष समलिगी (Men who have Sex with Men- MSM)/तेस्रोलिगीहरु (Transgender-TG) को क्षेत्र

१। पुरुष समलिगीं/तेस्रोलिगींहरुलाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ

- पुरुष समलिगीं/तेस्रोलिगींहरुलाई प्रतिनिधित्व गर्न योग्य रहेको स्वघोषणा पत्र (टेम्प्लेट प्रदान गरिनेछ)
- सिसिएममा प्रतिनिधित्वबारे आफ्नो बुझाई तथा यस निर्वाचन क्षेत्रमा आफ्नो संलग्नता खुलाई एक पृष्ठको लेख
- कम्तिमा दुई वर्षसम्म पुरुष समलिगीं/तेस्रोलिगींहरुलाई लक्षित एचआईभी कार्यक्रममा संलग्न भएको प्रमाणित अभिलेख (track record)
- सञ्जाल/समूहमा सक्रिय सहभागिता तथा सञ्चार च्यानलमा पहुँच भएको खुलाई उक्त सञ्जाल/समूहले हस्ताक्षर गरेको अभिलेख (निर्णयको प्रति) ।

२। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र पुरुष समलिगीं/तेस्रोलिगींहरुलाई प्रतिनिधित्व गर्नु पर्दछ ।

३। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।

४। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्धन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।

५। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको) ।

नोटः

१। **<u>इच्छुक व्यक्तिलाई सबैभन्दा सान्दर्भिक निर्वाचन क्षेत्रको लागि आवेदन दिन प्रोत्साहित गरिन्छ । कुनै व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रको लागि आवेदन दिएमा, उक्त निवेदन अस्वीकार गरिने छ ।</u>**

२। विविध पृष्ठभूमि भएका आवेदकहरु (युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।

## २.५.५ प्रवासी श्रमिकहरुको क्षेत्र (Migrants Constituency)

१। आबेदन दिने व्यक्तिले सिसिएमको प्रतिनिधित्वबारे आफ्नो बुझाई तथा यस निर्वाचन क्षेत्रमा आफ्नो संलग्नता खुलाई एक पृष्ठको लेख पेश गर्नुपर्छ ।

२। प्रवासी श्रमिकहरुलाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ ।

- प्रवासी श्रमिकहरुलाई लक्षित एचआईभी कार्यक्रममा संलग्न सञ्जाल/गैरसरकारी संस्था/ समुदायमा आधारित संस्थाबाट हालसालै लिएको सिफारिस पत्र
    - ✓ उक्त संस्था कम्तिमा दुई वर्ष अघि कानूनी रुपले जिल्ला प्रशासन कार्यालयमा दर्ता वा समाज कल्याण परिषदमा आवद्धता भइ कम्तिमा दुई वर्ष सम्वन्धित क्षेत्रमा काम गरेको र EoI पेश गर्ने अन्तिम मिति अगावै नवीकरण गरेको प्रमाणित हुनुपर्नेछ ।
    - ✓ उक्त संस्था कम्तिमा दुई वर्ष सम्म प्रवासी श्रमिकहरुलाई लक्षित एचआईभी कार्यक्रममा संलग्न भएको हुनु पर्दछ ।
    - ✓ उक्त संस्थाको वैधानिक उद्देश्य र कार्यक्रम मेल खाएको हुनु पर्दछ ।
- सञ्जाल/समूहमा सक्रिय सहभागिता तथा सञ्चार च्यानलमा पहुँच भएको खुलाई उक्त सञ्जाल/समूहले हस्ताक्षर गरेको अभिलेख (निर्णयको प्रति) ।

३। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र प्रवासी श्रमिकहरुको प्रतिनिधित्व गर्नु पर्दछ ।

४। निर्वाचित व्यक्तिहरुमा प्रवासी श्रमिकहरुको आवाज सिसिएम नेपालसँग सञ्चार गर्ने क्षमता हुनु पर्दछ । साथै, सिसिएम नेपालमा प्रवासी श्रमिकहरुको बारेमा भएका निर्णय तथा छलफलको बारेमा सूचना प्रवाह गर्ने क्षमता भएको हुनु पर्दछ ।

५। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।

६। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्धन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।

७। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको) ।

नोटः

१। **इच्छुक व्यक्तिलाई सबैभन्दा सान्दर्भिक निर्वाचन क्षेत्रको लागि आवेदन दिन प्रोत्साहित गरिन्छ । कुनै व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रको लागि आवेदन दिएमा, उक्त निवेदन अस्वीकार गरिने छ ।**
२। विविध पृष्ठभूमि भएका आवेदकहरु (लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।
३। लैङ्गिक सन्तुलित प्रतिनिधित्व अनिवार्य छ ।

## २.६ निजी क्षेत्र (Private Sector Constituency)

ग्लोबल फण्डको “सिसिएम निर्वाचन प्रतिनिधित्व सम्बन्धी निर्देशिका”[7] अनुसार, निजी क्षेत्रको निर्वाचनमा निम्न प्रकारका संगठनहरू समावेश गर्न सकिन्छ

- एचआईभी, क्षयरोग, र मलेरिया विरुद्ध काम गर्ने ठूला नाफामुलक कम्पनीहरू
- साना र मझौला उद्यम र अनौपचारिक क्षेत्रको प्रतिनिधित्व गर्ने संस्थाहरू
- एचआईभी, क्षयरोग, र मलेरिया विरुद्ध काम गर्ने व्यापार संघहरू
- एचआईभी/क्षयरोग/मलेरियाको जोखिममा रहेको उद्योगहरूका प्रतिनिधिहरू
- निजी चिकित्सक र नाफामुलक क्लिनिक
- संस्थाहरू द्वारा स्थापित परोपकारी फाउन्डेसनहरू

सिसिएम नेपाल निर्वाचन समितिले तीन रोगको कार्यक्रममा कोष परिचालन गर्न इच्छुक र प्रतिबद्ध उद्योग तथा संस्थालाई समावेश गर्ने निणर्य गरेको छ ।

### निजी क्षेत्रको लागि योग्यता मापदण्ड

१। आबेदन दिने व्यक्तिले सिसिएमको प्रतिनिधित्वबारे आफ्नो बुझाई तथा यस निर्वाचन क्षेत्रमा आफ्नो संलग्नता खुलाई एक पृष्ठको लेख पेश गर्नुपर्छ ।
२। निजी क्षेत्रलाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ ।
- निजी क्षेत्र वा नाफामुलक संस्थाबाट हालसालै लिएको सिफारिस पत्र
    - ✓ उक्त संस्था कम्तिमा दुई वर्ष अघि कानूनी रुपले दर्ता भएको र EoI पेश गर्ने अन्तिम मिति अगावै नवीकरण गरेको प्रमाणित हुनुपर्नेछ ।
    - ✓ उक्त संस्थाले कम्तिमा दुई वर्ष सम्म स्वास्थ्य सम्बन्धी क्षेत्रमा काम गरेको प्रमाणित हुनुपर्दछ ।

३। समाज कल्याण परिषद्सँग आबद्ध भएका संस्थाहरु निजी क्षेत्रलाई प्रतिनिधित्व गर्न अयोग्य हुने छन् ।
४। निजी क्षेत्रलाई प्रतिनिधित्व गर्नका लागि छनौट गरिएको व्यक्तिहरु कम्तिमा त्यस संस्थाको उच्च व्यवस्थापन तहमा काम गरेको वा नेतृत्वदायी पद सम्हालेको हुनु पर्दछ ।
५। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र निजी क्षेत्रको प्रतिनिधित्व गर्नु पर्दछ ।
६। निर्वाचित व्यक्तिहरुमा निजी क्षेत्रको आवाज सिसिएम नेपालसँग सञ्चार गर्ने क्षमता हुनु पर्दछ । साथै, सिसिएम नेपालमा निजी क्षेत्रको बारेमा भएका निर्णय तथा छलफलको बारेमा सूचना प्रवाह गर्ने क्षमता भएको हुनु पर्दछ ।

---

[7] Country Coordinating Mechanism Policy Including Principles and Requirements, 2018 [Internet]. [cited 2021 Nov 28]. Available from: https://www.theglobalfund.org/media/7421/ccm_countrycoordinatingmechanism_policy_en.pdf

७। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।

८। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्धन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।

९। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको) ।

नोटः

१। विविध पृष्ठभूमि भएका आवेदकहरु (लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।

२। लैङ्गिक सन्तुलित प्रतिनिधित्व अनिवार्य छ ।

## २.७ शैक्षिक/अनुसन्धान संस्थाहरुको क्षेत्र (Academia/Research Constituency)

सन् २०२१ डिसेम्बर १७ मा बसेको सिसिएम नेपालको कार्यकारी समितिको बैठकले निम्न उल्लेखित निणर्यहरु गरेको छ

१। निर्वाचन प्रक्रियाबाट अनुसन्धान निर्वाचन क्षेत्रको प्रतिनिधि छनोट गर्ने । यसका साथै अनुसन्धान क्षेत्रको निर्वाचन प्रक्रियामा सहभागी हुन नेपाल स्वास्थ्य अनुसन्धान परिषदलाई अनुरोध गर्ने ।

२। शैक्षिक/अनुसन्धान संस्थाहरुको प्रतिनिधित्व गर्ने मुख्य सदस्य र वैकल्पिक सदस्य साझा सहमति वा चिठ्ठा प्रक्रियाबाट एक/एक वर्ष आलोपालो गर्ने ।

### २.७.१ शैक्षिक संस्थाहरुको क्षेत्र (Academia Constituency)

१। आबेदन दिने व्यक्तिले सिसिएमको प्रतिनिधित्वबारे आफ्नो बुझाई तथा यस निर्वाचन क्षेत्रमा आफ्नो संलग्नता खुलाई एक पृष्ठको लेख पेश गर्नुपर्छ ।

२। शैक्षिक संस्थाहरुलाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ

- स्वास्थ्य सम्बन्धी शैक्षिक संस्थाबाट हालसालै लिएको सिफारिस पत्र
- उक्त संस्था कम्तिमा दुई वर्ष अघि कानूनी रुपले दर्ता भएको र EoI पेश गर्ने अन्तिम मिति अगावै नवीकरण गरेको प्रमाणित हुनुपर्नेछ ।

३। शैक्षिक संस्थाहरुलाई प्रतिनिधित्व गर्नका लागि छनौट गरिएको व्यक्तिहरु कम्तिमा त्यस संस्थाको उच्च व्यवस्थापन तहमा काम गरेको वा नेतृत्वदायी पद सम्हालेको हुनु पर्दछ ।

४। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र शैक्षिक संस्थाहरुको प्रतिनिधित्व गर्नु पर्दछ ।

५। निर्वाचित व्यक्तिहरुमा शैक्षिक संस्थाहरुको आवाज सिसिएम नेपालसँग सञ्चार गर्ने क्षमता हुनु पर्दछ । साथै, सिसिएम नेपालमा शैक्षिक संस्थाहरुको बारेमा भएका निर्णय तथा छलफलको बारेमा सूचना प्रवाह गर्ने क्षमता भएको हुनु पर्दछ ।

६। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।

७। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्धन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।

८। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको) ।

नोटः

१। विविध पृष्ठभूमि भएका आवेदकहरु (लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।

२। लैङ्गिक सन्तुलित प्रतिनिधित्व अनिवार्य छ ।

## २.७.२ अनुसन्धान (Research Constituency)

१। अनुसन्धान संस्थाहरुलाई प्रतिनिधित्व गर्न छनौट गरिएको व्यक्तिहरुले निम्न उल्लेखित दस्तावेजहरु पेश गर्नु पर्नेछ

- स्वास्थ्य सम्बन्धी अनुसन्धान संस्थाबाट हालसालै लिएको सिफारिस पत्र
- उक्त संस्था कम्तिमा दुई वर्ष अघि कानूनी रुपले दर्ता भएको र EoI पेश गर्ने अन्तिम मिति अगावै नवीकरण गरेको प्रमाणित हुनुपर्नेछ ।

२। अनुसन्धान संस्थाहरुलाई प्रतिनिधित्व गर्नका लागि छनौट गरिएको व्यक्तिहरु कम्तिमा त्यस संस्थाको उच्च व्यवस्थापन तहमा काम गरेको वा नेतृत्वदायी पद सम्हालेको हुनु पर्दछ ।

३। निर्वाचित व्यक्तिहरुले आफु र आफ्नो संस्थाको नभई समग्र अनुसन्धान संस्थाहरुको प्रतिनिधित्व गर्नु पर्दछ ।

४। निर्वाचित व्यक्तिहरुमा अनुसन्धान संस्थाहरुको आवाज सिसिएम नेपालसँग सञ्चार गर्ने क्षमता हुनु पर्दछ । साथै, सिसिएम नेपालमा अनुसन्धान संस्थाहरुको बारेमा भएका निर्णय तथा छलफलको बारेमा सूचना प्रवाह गर्ने क्षमता भएको हुनु पर्दछ ।

५। निर्वाचित व्यक्तिहरूले आफ्ना स्वार्थ बाँझिएको विषय (Conflict of Interest) खुलाउनु पर्नेछ । साथै, ग्लोबल फण्डको आचार संहिता (Code of Conduct) पालना गर्नु पर्नेछ ।

६। ग्लोबल फण्डले सिफारिस गरे अनुसार एक समूहमा एक भन्दा बढी द्धन्द वाँझिएको सदस्य निर्वाचित हुने छैनन् (सन् २०२१ डिसेम्बर १७ र १८ गते ग्लोबल फण्डले पत्र र इमेलद्वारा सिफारिस गरिएको) ।

७। निर्वाचित व्यक्तिहरू कुनै पनि गैर कानुनी कार्यमा संलग्न वा निलम्बन परेको हुनुहुँदैन (सन् २०२१ डिसेम्बर ६ गते ग्लोबल फण्डले दृढतापूर्वक सिफारिस गरिएको) ।

नोटः

१। विविध पृष्ठभूमि भएका आवेदकहरु (लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, युवाहरु, सीमान्तकृत समुदायहरु, पिछडिएका वर्गहरु, र पिछडिएको भौगोलिक क्षेत्रहरु) लाई आवेदन दिन प्रोत्साहन गरिन्छ ।

२। लैङ्गिक सन्तुलित प्रतिनिधित्व अनिवार्य छ ।